# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक २१ गते २०१८ साल

श्री ५ को सरकार

### अर्थ आर्थिक कार्य विषय मन्त्रालयको सूचना

नेपाल राष्ट्रबैंकको संचालक समितिले श्री ५ को सरकारको स्वीकृति लिई बनाएको तल लेखिए बमोजिमको नेपाल राष्ट्रबैंक (नोट सट्टा भर्ना) (संशोधन) नियमहरू, २०१८ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

नेपाल राष्ट्रबैंक (नोट सट्टा भर्ना) नियम, २०१४ र यस पछि मूल नियम, भनिए-कोमा संशोधन गर्न वान्छनीय भएकोले नेपाल राष्ट्र बैंक ऐन, २०१२ को दफा १८ को उपदफा (६) ले दिएको अधिकार र यस सम्बन्धमा प्राप्त अरू सबै अधिकारको प्रयोग गरी नेपाल राष्ट्र बैंकको संचालक समितिले श्री ५ को सरकारको स्वीकृति लिई देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम नेपाल राष्ट्र बैंक (नोट सट्टा भर्ना) (संशोधन) नियमहरू, २०१८ रहेका छन् ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेँ छन् ।

२. मूल नियमको नियम ३ मा संशोधनः मूल नियमको नियम ३ को खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपिएको छ ।



22

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) मनमानी लेखेको नोट भन्नाले अश्लील, अभद्र वा प्रचार सूचक सकेत वा शब्दहरू लेखिएको नोट सम्झनु पर्छ ।

३. मूल नियमको नियम १० मा संशोधनः मूल नियमको नियम १० को सट्टा देहायको नियम १० राखिएको छः–

१०. अस्पष्ट नोट वा सच्याएको नोटमा मनमानी लेखेको नोटको दावीः–

अस्पष्टी नोट अथवा सच्याएको नोटको दाबी को हकमा पेश गरिएको अस्पष्ट नोट वा सच्याएको नोटको सन्तोष जनक हिसाबले पहिचान गर्न नसकेमा या जाल साझीगरी सच्याएको होइन भन्ने कुरामा यकीन गर्न नसकेमा त्यस्तो अस्पष्ट वा सच्याएको नोटको सट्टा भर्ना दिइने छैन मनमानी लेखेको नोटको सट्टा भर्ना नदिन पनि सक्ने छ ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव ।
अर्थ आर्थिक कार्य विषय मन्त्रालय,

मुद्रण विभाग, सिंहदरबार

२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।